प्रतिदिन १६ औं वार्षिकोत्सव

# प्रतिदिन

राष्ट्रिय दैनिक

PRATIDIN NATIONAL DAILY

**चट्याङबाट बच्ने उपायः**

- बिजुली चम्केको बेला सचेत र सतर्क रहौं,
- विद्युतीय तरङ्ग टिप्न सक्ने धातुजन्य र भिजेका वस्तुबाट टाढा बसौं,
- विद्युतीय उपकरण बन्द गरौं,
- घर तथा भवनमा अर्थिङ्गलगायतका सुरक्षात्मक उपाय अपनाऔं,
- बिजुली चम्केको केही समयसम्म पानी परेको क्षेत्रमा ननिस्कौं,
- सकेसम्म घरभित्रै झ्यालढोका बन्द गरेर सुक्खा ठाउँमा बसौं,
- सकभर अग्लो स्थानमा नबसौं ।

नेपाल सरकार
विज्ञापन बोर्ड

वर्ष-१६ ।। अङ्क : १३६ ॥ २०८१ असार १२ गते बुधबार (26th Jun 2024 Wednesday) **Pratidin** National Daily मूल्य-रु.५/-

# राजवंशीको शव वडा कार्यालयमा राखेर दिनभर प्रदर्शन

झापा(प्रस) । मेलमिलाप समितिको दबाब सहन नसकेर आत्महत्या गरेका गेल राजवंशीको शव राखेर आफन्तहरुले भद्रपुरको ८ नं वडा कार्यालयमा मंगलवार दिनभर प्रदर्शन गरेका छन् ।

मेलमिलाप समितिका सुरज रेग्मीलगायतलाई कार्वाहीको माग राख्दै राजवंशीका आफन्तहरुले मंगलवार दिउँसो करिव ३ बजेदेखि राति ८ बजेसम्म वडा कार्यालयमा प्रदर्शन गरेका हुन् । भद्रपुर नगरपालिका ८ नम्बर वडा कार्यालयमा गठित मेलमिलाप समितिका पदाधिकारीहरूले अविवाहित तथा मानसिक सन्तुलन ठीक नभएकी एक गर्भवतीलाई जबरजस्ती जिम्मा लगाउन खोज्दा भद्रपुर-८ स्थित भद्रशिव मन्दिरनजिकै बसोबास गर्ने ६८ वर्षीय गेल राजवंशीले सोमबार दिउँसो झुन्डिएर आत्महत्या गरेका थिए। उनको शव पोस्टमार्टमको लागि धरान पठाइएको थियो । पोस्टमार्टमपछि ल्याइएको शव आफन्तहरुले वडा कार्यालयमा ल्याएर प्रदर्शन गरेका हुन् ।



मेलमिलाप समितिका पदाधिकारीहरूले सिधासाधा तथा निर्दोष व्यक्तिलाई जबर जस्ती करणी (बलात्कार) आरोपमा फसाउन खोज्दा सहन नसकेर बुबाले आत्महत्या गर्नु परेको छोरा पर्वलाल राजवंशीले आरोप लगाएका छन्। दिनभरि नारा जुलुससहित वडा कार्यालयमा शव राखेर प्रदर्शन गरेका मृतक परिवार र आफन्तसंग राति सहमति भएपछि उनीहरुले शव उठाएका छन् ।

मेलमिलाप समितिलाई कार्वाही गर्ने , घटनाको यथार्थ छानबिन गर्ने , मृतक परिवारलाई किरिया खर्च उपलव्ध गराउने , गर्भवती महिलालाई सेफ हाउसमा राख्ने , घटनाको छानबिनमा सहयोग गर्न सहयोग समिति गठन गर्ने सहमति भएको हो । भद्रपुर ८ को मेलमिलाप समितिमा मिति २०८१ असार ५ मा पेश गरिएको निवेदन जुन मेलमिलाप समितिको क्षेत्राधिकारसंग सम्बन्धित हो होइन , दर्ता भएको निवेदनलाई मध्यनजर गरी उत्पन्न समस्याको छानबिन गर्न प्रहरी प्रशासनसंग सहयोग माग गर्ने , छानबिन कार्यमा भद्रपुर नगरपालिका , वडा कार्यालय लगायत सम्बन्धित सबै पक्षले सहयोग गर्ने , गेल राजवंशीको काजकिरियाका लागि नगरपालिकाले २५ हजार रुपैयाँ उपलब्ध गराउने साथै क्षतिपूर्तिका सम्बन्धमा उक्त घटनाको छानबिनमा सहयोग गर्न बनेको समिति तथा भद्रपुर नगरपालिकासमेतसंग आबश्यक छलफल गरी नियम अनुसारको राहत नगरपालिकाबाट उपलव्ध गराउने , पीडित महिला र उनको गर्भमा रहेको बच्चासमेतको सुरक्षालगायत खान बस्नको लागि व्यवस्था सम्बन्धमा प्रहरी प्रशासन, सरोकारवाला परिवारसमेतसंग छलफल सल्लाह गरी भद्रपुर नगरपालिकाबाट संचालित सेफ हाउस वा अन्य उपयुक्त संस्थामा व्यवस्थापन गर्ने , गेल राजवंशीको आत्महत्यासंग सम्बन्धित विषयमा छानबिनमा सहयोग गर्न पुकार राजवंशी , असारु राजवंशी , पवन राजवंशी , सन्तोष राजवंशी , बन्धु कार्की , मन्दिप राजवंशी ,बसन्त राजवंशी , गीता मेचे , अभिशेख ढुंगाना र गौरव सुब्बा रहेको सहयोग समिति गठन गर्ने र भद्रपुर नगरपालिका वडा नं ८ को मौजुदा मेलमिलाप समितिलाई न्यायिक समिति ऐन २०७५ बमोजिम नगरपालिकाबाट तत्काल कार्वाही अगाडि बढाउने सहमति भएको हो । छलफलमा नगर प्रमुख गणेश पोखरेल , उपप्रमुख राधा कार्की , वडाध्यक्षहरु गौरव सुब्बा, रतिया राजवंशी, पार्टी प्रतिनिधिहरु पुकार राजवंशी , सन्तोष राजवंशी , मृतकका साला विष्णु राजवंशीलगायतको उपस्थिति रहेको थियो ।

# खोलाले बगाउँदा दुई जनाको मृत्यु, दुई बेपत्ता

झापा(प्रस)॥ मोरङमा खोलाले बगाएर एक बालकसहित दुईजनाको मृत्यु भएको छ भने दुई जना बेपत्ता भएका छन् । मोरङको सुन्दरहैचा नगरपालिकामा बूढीखोलाले बगाउँदा एक जनाको मृत्यु भएको हो दुई जना बेपत्ता भएका छन् । सुन्दरहरैचा नगरपालिका- ५ गौशालानजिकै बूढीखोलामा माछा मार्ने क्रममा दिउँसो साढे १२ बजे एक्कासी आएको बाढीले चार जना महिलालाई बगाएको हो । बाढीमा बगेका चारमध्ये एक जनाको उद्दार भएको छ । एक जनाको शव भेटिएको छ । दुई जना अझै बेपत्ता रहेको जिल्ला प्रहरी कार्यालय मोरङका प्रवक्ता प्रहरी नायव उपरीक्षक ज्ञानेन्द्रबहादुर बस्नेतले जानकारी दिए । उनका अनुसार माछा मार्ने क्रममा सुन्दरहरैचा- ५ की २२ वर्षीया स्वस्तिका चौधरीको स्थानीयले उद्दार गरेका छन् । २२ वर्षीया फुदनी भनिने प्रेमकला चौधरीको शव बूढीखोलाको पश्चिम किनारमा भेटिएको प्रहरीले जनाएको छ । ६० वर्षीया असरादेवी चौधरी र ३० वर्षीया फुला चौधरी बेपत्ता छन् । उनीहरुको खोजीका लागि मोरङ प्रहरी उपरीक्षक नवराज कार्कीसहितको टोली खटिएको छ । त्यस्तै मोरङमा विद्यालय जाँदै गरेका बालकको खोलाले बगाएर मृत्यु भएको छ । केराबारी गाउँपालिका-४ याङ्शीलाका चित्रबहादुर राईका छोरा ११ वर्षीय श्याम राईको मृत्यु भएको वडाध्यक्ष शिवप्रसाद तामाङले जानकारी दिए । उनका अनुसार तर्ने क्रममा मंगलबार बिहान ९ बजेतिर श्यामलाई स्थानीय गोविने खोलाले बगाएको थियो । खोजी गर्ने क्रममा खोलाले बगाएर १ सय मिटरजति तल पुर्याएको अवस्थामा बिहान ९:५० बजेतिर शव फेला परेको तामाङले बताए । उनका अनुसार बालकको टाउको, अनुहारलगायत शरीरका विभिन्न भागमा चोट लागेको अवस्थामा शव भेटिएको छ ।

मृतक श्याम केराबारी-४ चिउरी भञ्ज्याङस्थित जनकल्याण माध्यमिक विद्यालयको कक्षा ६ मा अध्ययनरत थिए । यता कमल खोलाको बाढीले झापाको शिवसताक्षी नगरपालिका वडा नम्बर ३ कमलझोडाका १० घरपरिवार डुबानको जोखिममा परेका छन् । मंगलवार बिहानदेखि परेको अविरल बर्षाका कारण कमल खोलाको पानीको बहाब बढेर शिवसताक्षी नगरपालिका वडा नम्बर ३ कमलझोडा बस्ने१० घरपरिवार डुबानको जोखिममा परेका हुन् । इलाका प्रहरी कार्यालय झिलझिलेबाट प्रहरी निरीक्षक अनिश बुढाथोकीको कमाण्डमा १० जनाको टोली शिवसताक्षी नगरपालिका ३ नम्बर वडा कार्यालयसंग समन्वय गरी डुवान जोखिममा रहेका घरपरिवारलाई सुरक्षित स्थानमा सार्न खटिएको थियो । शिवसताक्षी नगरपालिका ३ बस्ने छबिलाल दाहालको दुईजनाको परिवारलाई सोही ठाउँमा रहेको शिवालय मन्दिरमा स्थानान्तरण गरिएको र अन्य घरपरिवारहरु आफ्नै घरमा रहेको प्रहरी निरीक्षक बुढाथोकीले जानकारी दिए ।

# जुत्ताभित्र ब्राउनसुगर लुकाएर ल्याउने दुई पक्राउ

झापा(प्रस) । झापाको गौरीगञ्ज गाउँपालिका वडा नं. १ कुञ्जिवारीस्थित हुलाकी राजमार्गमा ब्राउनसुगरसहित दुईजना पक्राउ परेका छन् । सोमवार दिउँसो १:४५ बजेको समयमा कुञ्जिवारीस्थित हुलाकी राजमार्गमा प्रहरी चौकी कुञ्जिबारीबाट खटिएको प्रहरी टोलीले कमल गाउँपालिका वडा नं. १ बस्ने बर्ष ३० का उद्धव भट्टराई र दमक नगरपालिका वडा नं. ५ बस्ने बर्ष २६ का इन्द्रप्रसाद तिम्सिनालाई पक्राउ गरेको हो ।शंका लागेर चेकजाँच गर्दा भट्टराईले लगाएको जुत्ताभित्र लुकाई छिपाई राखेको ६ ग्राम ७३० मिलिग्राम ब्राउनसुगर फेला परेको थियो । दुवै जनालाई नियन्त्रणमा लिई इलाका प्रहरी कार्यालय झिलझिलेबाट थप अनुसन्धान कार्य जारी रहेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ ।

# भरुवा बन्दुकसहित युवक प्रहरीको नियन्त्रणमा



झापा(प्रस) । ताप्लेजुङमा एक युवकलाई प्रहरीले भरुवा बन्दुकसहित नियन्त्रणमा लिएको छ। पाथीभरा याङवरक गाउँपालिका-४ डुम्रिसेका ४२ वर्षीय नरेश खोयाहाङ लिम्बूलाई भरुवा बन्दुकसहित नियन्त्रणमा लिईएको जिल्ला प्रहरी कार्यालय ताप्लेजुङका प्रहरी प्रमुख डीएसपी रवि रावलले जानकारी दिए। उनका अनुसार डुम्रिसेस्थित पिप्लेश्वरी आधारभूत विद्यालय अगाडि लोड गरिएको एक थान भरुवा बन्दुक, बन्दुकमा प्रयोग हुने बारुद ५७ ग्राम, गोलीजस्तो वस्तु एकथान, काँटीसहित सलाईको बट्टा ६ थान र खुकुरी एक थानसहित लिम्बूलाई पक्राउ गरिएको हो।

लिम्बूलाई जिल्ला अदालत ताप्लेजुङबाट ७ दिनको म्याद थप गरी अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ।

# अटोको ठक्करबाट पैदलयात्रीको मृत्यु



झापा(प्रस) । कनकाई नगरपालिका ३ स्थित सुरुङ्गा -झापा भित्री पक्की सडकखण्डमा अटोको ठक्करबाट एकजना पैदलयात्रीको मृत्यु भएको छ । सोमवार बिहान अन्दाजी १०:३० बजेको समयमा कनकाई नगरपालिका ३ स्थित पशुपति बोर्डिङनजिक सुरुङ्गा -झापा भित्री पक्की सडकखण्डमा मदरगाछीबाट सुरुङ्गा आउँदै गरेको प्र.१-०१-००१ह. ७७३८ नम्बरको अटोले पैदलयात्री कनकाई ३ सुरुङ्गा बस्ने ६० वर्षीय ओमप्रकाश भेट्वाललाई बाटो क्रस गर्ने क्रममा ठक्कर दिई घाईते बनाएको थियो । घाइतेलाई उपचारका लागि बिर्तामोडस्थित बिर्तासिटी अस्पतालमा भर्ना गरिएकोमा उपचारका क्रममा मंगलवार बिहान ११.३० बजेको मृत्यु भएको हो ।अटो र चालक कन्काई ५ मदरगाछी बस्ने ४२ वर्षीय टिकाराम उप्रेतीलाई ईलाका प्रहरी कार्यालय सुरुङ्गाले नियन्त्रणमा लिएको जिल्ला ट्राफिक प्रहरी कार्यालय झापाले जनाएको छ ।

# यसकारण गौरीगञ्जले बजेट ल्याउन सकेन

झापा(प्रस) । झापाका १५ वटा पालिकामध्ये १४ वटाले बजेट , नीति तथा कार्यक्रम प्रस्तुत गरिसक्दा गौरीगञ्जले सोमवार बजेट ल्याउन सकेन ।

भद्रपुर , दमक र कमलले अघिल्लै दिन असार ९ गते बजेट , नीति तथा कार्यक्रम प्रस्तुत गरेका थिए । अन्य ११ वटा पालिकाले असार १० गते पेश गरेका छन् । तर, गौरीगञ्जले असार १० गते नीति तथा कार्यक्रम प्रस्तुत गरेपनि बजेट सार्वजनिक गर्न सकेन ।

बजेटमा विनियोजन गर्नुपर्ने रकम मिल्न बाँकी रहेकाले गौरीगञ्जले बजेट सार्वजनिक गर्न नसकेको हो । बजेटमा केही कुरा मिलाउन बाँकी रहेकाले सोमवार नीति तथा कार्यक्रम मात्र सार्वजनिक गरिएको गाउँपालिका अध्यक्ष फूलवती राजवंशीले बताइन् । उनले नीति तथा कार्यक्रम पारित गराउन समस्या हुने गरेकाले त्यसलाई सोमवार अनुमोदन गराइएको र असार १६ गते अर्को बैठकमा बजेट प्रस्तुत गरिने जानकारी दिए । सोमवारको पन्ध्रौं गाउँसभाको बैठकमा गाउँपालिकाकी अध्यक्ष राजवंशीले आर्थिक वर्ष २०८१/८२ को नीति तथा कार्यक्रम पारित भएको घोषणा गरेकी थिईन् ।





कोशी प्रदेशका १ सय ३७ पालिकामध्ये सोमवारसम्म अधिकांशले बजेट सार्वजनिक गरेका छन् । सुनसरीको धरान उपमहानगरले भने न बजेट ल्यायो न त नीति तथा कार्यक्रम नै । उपप्रमुख अइन्द्रविक्रम बेघाले बजेट र नीति तथा कार्यक्रम निर्माणको प्रक्रिया पूरा नभएका कारण समयमा बजेट ल्याउन नसकिएको बताए ।

सुनसरीको अर्को उपमहानगर इटहरीले पनि विवादका कारण नगरसभा आयोजना गर्न सकेन । मोरङ, सुनसरी, इलाम, पाँचथर, ताप्लेजुङ, तेह्रथुमका सबैजसो पालिकाले बजेट सार्वजनिक गरेका छन् । त्यस्तै, संखुवासभा, भोजपुर, उदयपुर, खोटाङ, ओखलढुंगा र सोलुखुम्बुका पालिकाहरूले पनि बजेट सार्वजनिक गरेका छन् । ८८ गाउँपालिकासहित १ सय ३७ पालिका रहेको कोशीबाट सोमबारसम्म ३८ वटाले मात्रै मन्त्रालयको वेबसाइटमा बजेट प्रविष्ट गरेका छन् ।



## चट्याङको आतंक

# झापामा तीनसहित एकैदिन ७ जनाको मृत्यु

झापा(प्रस)। वर्षासंगै परेको चट्याङले लागेर ७ जनाको मृत्यु भएको छ । झापामा तीन , रोल्पामा दुई तथा दाङ र बर्दियामा एक-एकजनाको ज्यान गएको हो । झापामा चट्याङले लागेर तीन जनाको मृत्यु भएको छ । झापा गाउँपालिका वडा नं ४ दोसाकी बस्ने ५० वर्षीय मन्जुर आलमको मृत्यु भएको हो । मंगलवार बिहान ९ बजे आफ्नो खेतमा आली लगाउँदै गरेका उनको चट्याङले लागेर घटनास्थलमै मृत्यु भएको आफन्तले जनाएका छन् । त्यस्तै मंगलवार नै बिहान वर्षासंगै परेको चट्याङले लागेर गौरीगञ्ज र कमलमा एक-एकजनाको मृत्यु भएको छ । बिहान ८:४५ बजेको समयमा गौरीगञ्ज गाउँपालिका वडा नं.३ ठेकिटोला बस्ने सिताराम दाहालको खेतबारीमा धानको बीउ उखाल्ने क्रममा .गौरादह नगरपालिका वडा न. ८ बस्ने अन्दाजी ४२ वर्षीय लिला भन्ने विकास गिरीको चट्याङले लागेर घटनास्थलमै मृत्यु भएको हो ।
त्यस्तै कमल गाउँपालिकामा चट्याङले लागेर एकजनाको मृत्यु भएको छ ।



मंगलवार बिहान ७ बजेको समयमा कमल गाउँपालिका वडा नम्वर २ समाईगढ बस्ने ४६ वर्षीय राजन खड्काको चट्याङले लागेर मृत्यु भएको हो । आफ्नै घरबाट खेततर्फ जाने क्रममा अचानक परेको चट्याङले लागेर घाईते भएका खड्कालाई उपचारको लागि आम्दा अस्पताल दमक लगिएकोमा बिहान ७:४५ बजे अस्पताल पुर्याउनासाथ चिकित्सकले मृत घोषणा गरेको जिल्ला प्रहरी कार्यालयले जनाएको छ । वर्षासंगै परेको चट्याङले झापाको अर्जुनधारा र मेचीनगरमा पनि क्षति गरेको छ ।
मंगलवार बिहान ४.४५ बजे अर्जुनधारा ४ भाङवारी बस्ने गोरेलाल दनुवारको एकतले घरको बिजुलीको मिटरबक्समा चट्याङ पर्दा एउटा बाख्राको पाठी मर्नुका साथै टीभी , पंखा , राउटरलगायतका सामानमा गरी करिव ६५ हजार मूल्य बराबरको क्षति भएको इलाका प्रहरी कार्यालय बिर्तामोडका डीएसपी प्रकाश विष्टले बताए ।


त्यस्तै रातिदेखि परेको अविरल वर्षाका कारण अर्जुनधारा ३ जुकेखाडीमा एउटा बिजुलीको पोल ढलेको छ । नेपाल विद्युत प्राधिकरण अनारमनी वितरण केन्द्रको टोलीले मर्मत कार्य गरिरहेको जनाएको छ ।

त्यस्तै बिहान अन्दाजी ५बजेको समयमा मेचीनगर नगरपालिका वडा नं.३ भिमसेन टोल बस्ने भिमकुमार श्रेष्ठको ३ तले घरमा परेको चट्याङले बिद्युतीय सामग्रीहरु मिटर बक्स ,मेन स्वीच ,स्वीच बोर्ड ,पानी तान्ने मोटर जल्दा अन्दाजी २५ हजार बराबरको क्षति भएको प्रहरीले जनाएको छ ।

उता रोल्पामा सुतेकै ठाउँमा चट्याङले लागेर दुईजनाको मृत्यु भएको छ। रोल्पाको सुनछहरी गाउँपालिका ३ तान्जा बस्ने २२ वर्षीया जाइता घर्ती मगर र १४ वर्षीया गोमला घर्तीमगरको चट्याङले लागेर घटनास्थलमै मृत्यु भएको हो । त्यस्तै दाङको तुलसीपुर उपमहानगरपालिका ४ थाप्रेमा एक १० वर्षीय बालकको मृत्यु भएको छ । आँगनमा खेलिरहेका १० वर्षीय सुवास विकको चट्याङले लागेर मृत्यु भएको हो । त्यस्तै बर्दियाको गेरुवा गाउँपालिका ३ गणेशपुरका २२ वर्षीय रोहित थारुको पनि चट्याङले लागेर मृत्यु भएको छ। खेत जोतिरहेको अबस्थामा उनलाई चट्याङले लागेको थियो ।

## भद्रपुर माविका पूर्व प्रधानाध्यापक शर्माको निधन

झापा(प्रस) । भद्रपुर माध्यमिक विद्यालयका पूर्व प्रधानाध्यापक प्रमोदचन्द्र शर्माको निधन भएको छ ।
भद्रपुर -८ निवासी शर्माको मंगलवार विहान ८२ वर्षको उमेरमा घरमै निधन भएको हो । उनी कलेजोको समस्याबाट प्रभावित थिए । उनले २०३१



देखि २०५९ सम्म भद्रपुर माध्यमिक विद्यालयको प्रधानाध्यापक भएर चलाएको पूर्व प्रधानाध्यापक कुमार गुरुङले जानकारी दिए । उनको देउनियाको विश्रान्ति घाटमा अन्त्येष्टि गरिएको परिवारले जनाएको छ । शर्माका दुई छोरा र तीन छोरी रहेका छन् ।

## रबरको पाइपले विद्यार्थी पिट्ने शिक्षक निलम्बित

झापा(प्रस) ।झापाको बुद्धशान्ति १ मा रहेको बुद्ध आदर्श माध्यमिक विद्यालयमा कक्षा ७ मा अध्ययनरत विद्यार्थीहरुलाई रबरको पाइपले निर्घात रुपमा कुट्ने डिसिप्लिन इन्चार्ज विवेश भण्डारीलाई विद्यालयले निलम्बन गरेको छ।
सोमबार दिउँसो विद्यालय व्यवस्थापन समितिको बैठकले भण्डारीलाई एक महिनाका लागि निलम्बन गरेको व्यवस्थापन समितिका अध्यक्ष मनोरथ तिवारीले जानकारी दिए। उनका अनुसार एक महिनाभित्र उनले समितिमा लिखित स्पष्टीकरण दिनु पर्नेछ। स्पष्टीकरण चित्तबुझ्दो नभए



निष्कासन गरिने तिवारीले बताए। विद्यालयले भण्डारीलाई कारबाही गर्ने प्रतिवद्धता व्यक्त गरेपछि सोमवार बिहान आन्दोलित अभिभावकहरू साम्य भएका थिए । सोमवार बिहान इलाका प्रहरी कार्यालय बुधबारेमा सर्वपक्षीय छलफल भएको थियो। छलफलमा उनले माफी माग्दै घाइते विद्यार्थीहरुको उपचार गरिदिने सहमति जनाएका थिए । विद्यालयमा खेलकुद तथा अनुशासन कायम राख्न भनेर निजी स्रोतमा विद्यालय व्यवस्थापन समितिले मार्सल आर्ट खेल्ने भण्डारीलाई डिसिप्लिन इन्चार्ज (डिआइ) राखेको थियो।
आइतबार उनले कक्षा ७ का विद्यार्थीहरूलाई रबरको पाइपले पिटेका थिए। विद्यार्थीहरूको शरीरमा नीलडाम बसेको छ। एक जना विद्यार्थी अस्पताल भर्ना भएका थिए।

# कोशी सरकारविरुद्ध कार्कीले सर्वोच्चमा दिएको रिट खारेज

झापा(प्रस) । कोशी सरकारविरुद्ध निवर्तमान मुख्यमन्त्री केदार कार्कीले दिएको रिट सर्वोच्च अदालतले खारेज गरिदिएको छ। सर्वोच्च अदालतको मंगलबारको पूर्ण इजलासले कोशी सरकारविरुद्ध कार्कीले दिएको रिट खारेज गरिदिएको हो।
कार्कीले मुख्यमन्त्री हिक्मतकुमार कार्कीलाई पदमुक्त गरी मुख्यमन्त्रीमा आफूलाई निरन्तरता दिन माग गर्दै सर्वोच्च अदालतमा रिट दायर गरेका थिए। संविधानको धारा १६८ को उपधारा ९५० अनुसार मुख्यमन्त्री बनेका केदार कार्कीले सरकारमा सहभागी दलले समर्थन फिर्ता लिएको ३० दिनभित्र विश्वासको मत नलिएपछि प्रदेश प्रमुख खापुङले उनलाई पदमुक्त गर्दै धारा १६८ को उपधारा ९५० अनुसार नेकपा एमाले र नेकपा



माओवादी केन्द्र ५२ सांसदको समर्थनमा हिक्मतकुमार कार्की मुख्यमन्त्री नियुक्त भएपछि कार्की सर्वोच्च पुगेका थिए।
कोशीका मुख्यमन्त्री केदारलाई वैशाख १५ गतेभित्र विश्वासको मत लिइसक्नुपर्ने समय दिइएको थियो। तर,उनले विश्वासको मत पनि नलिने र राजीनामा पनि नदिने अडान लिएपछि एमाले र माओवादीले नयाँ सरकार गठनको प्रक्रिया अघि बढाउन प्रदेश प्रमुखलाई पत्र बुझाएका थिए।
त्यसपछि प्रदेश प्रमुख खापुनले दुई दिनको समय दिएर नेपालको संविधानको धारा १६८ को उपधारा ९५० अनुसार नयाँ सरकार गठनको लागि दाबी पेश गर्न आह्वान गरेका थिए।

आफू नेतृत्वको सरकार हुँदाहुँदै अर्को सरकार आह्वान गर्नु संविधानविपरित भन्दै यसलाई रोक्नुपर्ने उनको दावी थियो। उनले कोशीको मुख्यमन्त्रीमा आफूलाई निरन्तरता दिनुपर्ने जिकिर गर्दै अन्तरिम आदेशको माग समेत गरेका थिए। मुद्दाको अन्तिम सुनुवाइका लागि सर्वोच्चले पूर्ण इजलास गठन गरेको थियो। पूर्ण इजलासमा न्यायाधीशहरू कुमार रेग्मी,नहकुल सुवेदी र अब्दुल अजिज मुसलमान रहेका छन्। जेठ ३१ गतेदेखि सो रिटमा पूर्ण इजलासमा निरन्तर सुनुवाइ सुरू भएको थियो।

## गौरादहमा अपाङ्गता पुन:स्थापना कार्यक्रम



झापा(प्रस) । अपाङ्गता भएका व्यक्तिहरूको सम्मानपूर्वक बाँच्न पाउने अधिकारका लागि प्रदेश सरकारद्वारा जारी गरिएको अपाङ्गता रोकथाम तथा पुन:स्थापना कार्यक्रम सञ्चालन गर्न गौरादह नगरपालिका र करूणा फाउण्डेसन नेपालबीच सम्झौता भएको छ। नगरपालिकाको पूर्ण स्वामित्वमा आगामी साउन १ गतेबाट सुरू भई २०८४ असार ३२ गतेसम्म कार्यक्रम सञ्चालन हुनेछ। कोशी प्रदेशको झापाको सम्पूर्ण पालिकाहरुमा संचालन हुने कार्यक्रमको सम्झौता अवधि तीन बर्षको हुनेछ । कार्यक्रमका लागि निर्देशिकामा भएको व्यवस्थाबमोजिम पहिलो दुई वर्षसम्म साझेदार संस्थाले मन्त्रालय र पालिकासँगै एकतिहाई लागत साझेदारी गर्नेछ। कार्यक्रम सञ्चालनको तेस्रो वर्षमा भने पालिकाले मन्त्रालयसँग लागत साझेदारी गर्नेछ । साझेदार संस्थाले कार्यक्रम सञ्चालनका लागि पालिकालाई प्राविधिक सहयोग उपलब्ध गराउने छ । यस आर्थिक वर्षका लागि करिब ८२ लाख बराबरको बजेट प्रस्ताव गरिएको छ । गौरादह नगरपालिकाका नगर प्रमुख छत्रपति सुबेदी र करुणा फाउन्डेसन नेपालका कार्यकारी निर्देशक दिपकराज सापकोटाले सम्झौतापत्रमा हस्ताक्षर गरेका छन् । कार्यक्रममा पालिकाका उपप्रमुख जलबर्षा राजवंशी , प्रमुख प्रशासकीय अधिकृत युवराज खतिवडा, गौरादह अस्पतालका प्रमुख , अपाङ्गता नगर समितिका प्रतिनिधि , करुणा फाउन्डेसन नेपालका बरिष्ठ कार्यक्रम अधिकृत बिक्रम कोइराला, बिभिन्न शाखाका प्रमुखहरुको उपस्थिति रहेको पालिका संयोजक सुशील राजभरले जानकारी दिएका छन् ।
उक्त कार्यक्रममार्फत हरेक नवजात शिशुमा जन्मदोष परीक्षण गरी जन्मदोष पहिचान भएका शिशुहरूको स्वास्थ्योपचार, विद्यालयमा रहेका १० वर्ष मुनिका बालबालिकाको स्वास्थ्य परीक्षण र व्यवस्थापनलगायतका रोकथामका क्रियाकलापहरू सञ्चालन गरिनुका साथै यस पालिकाभित्र रहेका सबै प्रकारका अपाङ्गता भएका व्यक्तिहरूको पहिचान गरी शिक्षा, स्वास्थ्य, जीविकोपार्जन, सशक्तिकरण र सामाजिकीकरणका क्षेत्रमा आवश्यक सहयोग प्रदान गरिनेछ । यसका अतिरिक्त पहिचान भएका सबै अपाङ्गता भएका व्यक्तिहरूको परिचयपत्रका साथै राज्यले प्रदान गर्ने सामाजिक सुरक्षाका योजनाहरूमा पहुँच विस्तार गरिनेछ ।

# प्यारागनमा यस वर्षदेखि कक्षा ११ को अध्यापन

**• विनोद सापकोटा,**

सुरुङ्गा(प्रस) । कनकाई नगरपालिका वडा नम्बर ३ को प्यारागन एकाडेमीले यस वर्षदेखि कक्षा ११ को अध्यापन गराउने भएको छ ।
पूर्व प्राथमिक तहदेखि कक्षा १० सम्म यसअघि सञ्चालन भएको प्रविधि र पूर्वाधारयुक्त सो विद्यालयले व्यवस्थापन समूहमा कम्प्युटर विज्ञानको साथ अध्ययन अध्यापन गराउने पत्रकार सम्मेलन गरेर जानकारी दिएको छ।

विद्यालयकी संस्थापक तथा सञ्चालक समितिकी अध्यक्ष चम्पा खनाल सुवेदीले कन्काई नगरपालिकाको निजी विद्यालयतर्फ अब्बल प्यारागन एकाडेमीले कक्षा ११ मा पनि अध्ययन अध्यापन गराउने बताइन्। 'एसईईको




रिजल्ट आएलगत्तै विद्यार्थी भर्ना प्रक्रिया सुरु हुनेछ,' उनले भनिन् ।
विद्यालयले कक्षा ११ सञ्चालनका निमित्त सबै तयारी पूरा गरेको छ। यो कक्षा सञ्चालनका लागि नगरपालिकाले अख्तियारी दिएको अध्यक्ष सुवेदीले बताइन्। 'हामीले यसअघि नै कक्षा ११ र १२ सञ्चालनको तयारी गरेका थियौँ। तर केही कागजी प्रक्रियाका कारण सञ्चालन अनुमति ढिला हुन गयो,' उनले भनिन् 'प्यारागन एकाडेमीलाई कक्षा ११ र १२ सञ्चालनको अनुमति दिने निर्णय गरेपछि यसको सबै तयारी सुरु भएको हो।'
विद्यालयका प्रिन्सिपल दीपक भट्टराईले व्यवस्थापन समूहतर्फ सामाजिक र कम्प्युटर विज्ञानमध्ये एक विद्यार्थीले अध्ययन गर्न पाउनेछन् । यस्तै सामाजिक र गणित विषयमध्ये एक विद्यार्थीले अध्ययन गर्न पाउनेछन् । 'यी विषयसहित अनिवार्य विषयहरू अंग्रेजी, नेपाली र अर्थशास्त्र पढाइ हुनेछ,' प्रिन्सिपल भट्टराईले भने ।

एसईई परीक्षामा उत्कृष्ट अङ्क ल्याई उत्तीर्ण हुने विद्यार्थीलाई विद्यालयले भारी छुटको पनि व्यवस्था गरेको छ। विद्यालय प्रशासनका अनुसार एसईई परीक्षामा ३.६ भन्दा माथि जिपिए ल्याउने विद्यार्थीलाई ७५ प्रतिशत मासिक शुल्कमा छुट दिने व्यवस्था विद्यालयले मिलाएको छ। यस्तै ३.२ देखि ३.६ सम्म जिपिए ल्याउने विद्यार्थीले मासिक शुल्कमा १० प्रतिशत छुट पाउने जानकारी विद्यालय प्रशासनले दिएको छ ।

## करेन्ट लागेर दुईजनाको मृत्यु

झापा(प्रस) । पूर्वमा करेन्ट लागेर दुईजनाको मृत्यु भएको छ । मृत्यु हुनेमा एक महिला र अर्का पुरुष छन् । इटहरी उपमहानगरपालिका १३ स्थित मिनरल वाटर बनाउने एलायन्स फर्मा पोलि प्रालिमा काम गर्ने २७ वर्षीय अर्जुन यादबको करेन्ट लागेर मृत्यु भएको हो । सुनसरी कोशी गाउँपालिका १ लौकही घर भएका यादवलाई मोटरबाट जोडिएको तारले करेन्ट लागेको थियो । त्यस्तै सप्तरीमा एक महिलाको मृत्यु भएको छ । सप्तरीको सुरुङ्गा नगरपालिका १ रामपुर बस्ने ५० वर्षीया उर्मिलादेवी थारुलाई मोटरबाट खेतमा पानी लगाउन खोज्दा करेन्ट लागेको प्रहरीले जनाएको छ ।

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश, झापा जिल्ला,शिवसताक्षी नगरपालिका वडा नं.-०४मा बस्ने श्री कोटिया ताजपुरियाका नाति,श्री श्यामसुन्दर सिंह ताजपुरियाका छोरा,श्री अशोक कुमार ताजपुरियाको मिति वि.सं.२०८१/०२/०७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय शिवगन्जमा बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतककी श्रीमती जसोदा कुमारी ताजपुरियाले मिति वि.सं.२०८१/०३/११ मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकमउपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतिस) दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २ बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**निक्षेपउपर हकदावी सम्बन्धि ३५ दिने सुचना**

कोशी प्रदेश, झापा जिल्ला,भद्रपुर नगरपालिका वडा नं.-२ मा बस्ने श्री भीम बहादुर गुरुङकी छोरी,श्री घनश्याम गुरुङकी पत्नी,श्री बिष्णुमाया गुरुङको मिति वि.सं.२०८१/०१/१७ गते मृत्यु भएकोले निजको नाममा यस बैंकको शाखा कार्यालय सोमबारेमा बचत खातामा रहेको निक्षेप रकम भुक्तानी तथा नामसारी गरी पाउँ भनी मृतकका श्रीमान श्री घनश्याम गुरुङले मिति वि.सं.२०८१/०३/१०मा यस बैंकमा निवेदन दिनु भएको हुँदा उक्त निक्षेप रकम उपर निज निवेदक बाहेक अन्य कसैको हकदावी भए यो सूचना प्रकाशित भएको मितिले ३५(पैंतिस)दिनभित्र सबुत प्रमाणसहित सम्वन्धित शाखामा हकदावी गर्नु हुन यो सूचना प्रकाशित गरिएको छ । उक्त म्यादभित्र हकदावी गर्न नआएमा बैंक तथा वित्तीय संस्था सम्वन्धी ऐन, २०७३ को दफा १११ को उपदफा २बमोजिम हुने तथा उल्लेखित म्यादभित्र रितपूर्वक हकदावी गर्न नआएमा पछि कुनै उजुर नलाग्ने व्यहोरा समेत यसै सूचनाद्वारा सम्बन्धित सबैमा जानकारीका लागि सूचित गरिएको छ ।

एक्सेल डेभलपमेन्ट बैंक लि.
Excel Development Bank Ltd. तपाईंको स्थानीय साझेदार (Your Local Partner)
नेपाल राष्ट्र बैंकबाट 'ख' वर्गको इजाजतपत्र प्राप्त संस्था ( कोशी प्रदेश कार्यक्षेत्र भएको )
Birtamode, Jhapa
023-533564 | 534010
info@edb.com.np
www.edb.com.np

**जनहितमा जारी सूचना**

नगरपालिकालाई बुझाउनुपर्ने घर,
जग्गा र मालपोत दस्तुर व्यवसाय कर लगायत
कर नियमित तिरौं ।

जन्म, मृत्यु, बसाइसराइ जस्ता व्यक्तिगत घटना
३५ दिनभित्र अनिवार्य दर्ता गरौं ।

सार्वजनिक सम्पत्ति संरक्षणमा
नगरपालिकालाई सहयोग गरौं ।

बिर्तामोड नगरपालिका
बिर्तामोड, झापा, कोशी प्रदेश

नव सञ्चार गृह प्रा.लि.द्वारा प्रकाशित तथा नव सञ्चार अफसेटमा मुद्रित । कार्यालय : भद्रपुर बस स्टेण्ड पश्चिम, गजुरमुखीटोल, बिर्तामोड (झापा) । फोन नं.: ०२३-५४३८२० । इमेल : pratidin65@gmail.com । अध्यक्ष : युवराज दाहाल । सम्पादक : इन्द्रसिंह राजवंशी

## सम्पादकीय

# लागूऔषध न्यूनीकरणमा जोड

झापा जिल्ला लागूऔषधको प्रयोग र कारोबारको मुख्य ट्रान्जिट पोइन्ट बनेको छ । देशकै पहिलो जिल्लाको रुपमा रहेको झापा लागूऔषधको दुर्व्यसनले सकिदै गएको छ । यद्यपि त्यसलाई न्यूनीकरण गर्न खासै वास्ता गरिएको छैन ।

युवापुस्तामा पनि युवती भन्दा युवकको संख्या बढी देखिन्छ। १५ वर्षदेखि २१ वर्षसम्मका युवाले लागूऔषध सुरु गरेको पाइन्छ। युवापुस्ता इन्डिपेन्डेन्ट बन्न खोज्दा विभिन्न च्यालेन्ज लिन चाहन्छन। नयाँ कुरा सिक्न, अनुभव गर्न चाहन्छन्।

यो समयमा उनीहरुलाई समाज, परिवारले सहि बाटो देखाइएन भने कुलतको बाटोमा हिंड्छन। चुरोट खाँदा, रक्सी खाँदा कस्तो हुन्छ भनेर पनि उनीहरु खान सक्छन्। साथीभाइको संगतले गर्दा पनि धेरै जना कुलतमा फस्छन् ।

साथीभाइमा पनि यसले खान सक्दैन भनेर प्रतिस्पर्धा हुँदा पनि कुलतमा फस्ने देखिन्छ। शिक्षा, परिवारको दायित्व पनि उत्तिकै महत्वपूर्ण छ र परिवारले आफ्नो सन्तान के गरिरहेको छ कस्तो साथीको संगत गरेको छ ख्याल गर्नुपर्छ।

लागूऔषध खाने व्यक्तिहरुको जीवनको आधार नै बिग्रन्छ। उनीहरुको भविष्यको सपनासँगै पढाई बिग्रन सक्छ। घरपरिवार बिग्रने, विवाहित जोडीको डिभोर्स हुने देखिन्छ। व्यक्तिगत हिसाबमा विभिन्न स्वास्थ्य समस्या देखिन्छन्। एन्जाइटी, डिप्रेसनसँगै पागलपनसम्मको समस्या देखिने गर्छ।

यस्ता समस्या देखियो भने अस्पतालमा भर्ना गरेर लामो समय उपचार गर्नुपर्ने हुन्छ। यो एउटा व्यक्तिको मात्रै समस्या नभएर पुरै परिवारको समस्या हुने गर्छ। लागूऔषध खाने व्यक्तिले हत्या, हिंसा गर्नेसम्मको असर पर्ने देखिन्छ।

सुधारगृहमा राख्नु राम्रो हो। तर नेपालमा भएका सुधार गृह व्यवस्थित छैनन्। कतिपय सुधारगृहमा साइक्याट्रीक, साइकोलोजीष्ट अथवा मनोविद पनि छन् भने कतिपयमा छैनन्। हामीले सुधारगृहलाई कसरी व्यवस्थापन गर्ने भन्ने बारेमा प्रयास गर्नुपर्छ।

अहिले सामान्यतया ७ कक्षादेखि १० कक्षामा पढ्दा देखिनै चुरोटको लत लागिसकेको हुन्छ, तर, बाबुआमालाई थाहा हुँदैन। सानै उमेरबाट नै छोराछोरीलाई विभिन्न जनचेतनामुलक शिक्षाका कार्यक्रममा सहभागी गराउनुपर्छ। जसले गर्दा सानैदेखि मैले यो खानुहुँदैन भन्ने भावना उनीहरुमा आओस र कुलतमा नफसून्। सुधारगृहमा लगेर कुलतमा लाग्यौ भने यसरी बस्नुपर्छ, खानुहुँदैन है भनेर सम्झाउनु पर्छ। आफनो धर्म संस्कृतिमा खान मिल्छ भनेर धेरै खानु हुँदैन, पछि थोरै खाँदाखाँदै बानी पर्नसक्छ। त्यसैले कुलतमा फस्नु भन्दा पहिलेनै मेरो छोराछोरीको दैनिकी कस्तो छ ? के गरिरहेको छ ? भनेर विशेष ध्यान दिनुपर्छ।

Pratidin National Daily
प्रतिदिन

तपाई जहाँ भएपनि
प्रतिदिन दैनिक तपाईसँगै
ताजा र विश्वसनीय खबरको लागि
लगइन गर्नुहोस
www.pratidindaily.com

# विद्यार्थीले कक्षा १० पछि के पढ्ने ?



• अमृतबाबु भट्ट

एसइई परीक्षामा २०८० सालमा सामेल विद्यार्थीहरु अहिले कक्षा ११ को भर्नाका लागि आफूलाई पायक पर्ने सानादेखि ठूला सहर र केन्द्रमा परामर्श लिन दौडधुप गरिरहेका छन् । विद्यार्थीका अभिभावकहरु आफ्नो नानीबाबुको पढाइ र सुन्दर भविष्यका लागि आवश्यक खर्चको जोहो गर्ने र परामर्श लिने क्रममा हुनुहुन्छ । अबको ५० हजार विद्यार्थी एसइई पास गरेर ११ कक्षामा भर्ना हुनेछन् । यस क्रममा कक्षा ११ मा के पढ्नु उपयुक्त होला ? भनी अभिभावकहरुले जिज्ञासा बढ्न थालेको छ ।

**विषय छनोट कसरी गर्ने ?**

हरेक बालबालिका १० कक्षासम्मको पढाइ पूरा गर्ने क्रममा उसको लगाव प्राकृतिक विज्ञान वा सामाजिक विज्ञानमध्ये एकातिर अलि बढी भएको कुरा उसको शिक्षक, अभिभावक वा ऊ आफैँले पहिचान गरेको हुनुपर्छ । प्रकृति विज्ञानअन्तर्गत भौतिकशास्त्र, रसायनशास्त्र, जीव विज्ञान आदि पर्छन् । यसले एउटा तथ्यलाई संसारभरि त्यही तथ्यका रुपमा स्वीकार्छ । जस्तो दुई भाग हाइड्रोजन र एक भाग अक्सिजन मिसाउँदा त्यो नेपालमा भए पनि अमेरिकामा भए पनि पानी नै बन्छ, त्यो चाहिँ प्राकृतिक विज्ञान हो ।

समाज विज्ञानमा लेखा, अर्थशास्त्र, वाणिज्य शिक्षा आदि पर्दछन् । समाज विज्ञानले तथ्यलाई समयसापेक्ष बुझ्न सिकाउँछ । जस्तो नेपालको गरिबीका कारण अमेरिकाको गरिबीको कारणसँग मेल खाँदैन । त्यसैले समाज विज्ञान पढ्न पढाइसँग नेतृत्व गर्ने, व्यवस्थापन गर्ने आदि सीप विकास गर्दै लानुपर्ने हुन्छ । यस क्रममा विद्यार्थी कक्षा ९ र १० तिर पढिरहँदा उसले दिने सृजनात्मक उत्तर, उसले बनाउने परियोजना कार्य, कक्षाको छलफल वा उसले प्रयोग गर्ने ग्याजेटस आदिबाट थाहा पाउन पनि सकिन्छ ।

यदि बालबालिकाहरु बढी जागरुक छन् भने उसले कोरेको आफ्नो भविष्यको योजनाले यसको जानकारी दिन्छ । खास गरी प्राविधिक स्वभावको बालबालिकाले प्राकृतिक विज्ञान, सामाजिक सीप जस्तैः नेतृत्व लिन चाहने, भाषाशैलीमा महत्व दिने, व्यवस्थापकीय सीपमा चाख राख्ने बच्चाहरुले समाज विज्ञान पढेको राम्रो हुन्छ । विशेष सीप जस्तैः सङ्गीत, हस्तकला, चित्रकला आदितिर झुकाव भएकाहरुले त्यसैअनुसारको विषय छनोट गर्न उपयुक्त हुन्छ ।

यी विषय छान्नुपूर्व विद्यार्थीहरुले पहिले आफ्नो जीवन खुसी हुने आदर्श पेसा कुन हो र केही गरी त्यो भएन भने दोस्रो छनोट के हो भनेर निर्धारित गर्नुपर्ने हुन्छ । त्यसका लागि १५, १६ वर्षको उमेरमा विद्यार्थीहरू पढेलेखेका अभिभावक र आफन्तहरु तथा मित्रहरूले सहयोग गुर्नपर्छ । त्यसैले कुनै पनि विद्यार्थीले आफ्नो विषय छनोट गर्दा विषयको गम्भीरता र त्यसले दिने रोजगारी आफूलाई मिल्दो, सुहाउँदो र इच्छाएको हुन्छ कि हुँदैन भन्ने विषयमा राम्ररी परिकल्पना गरेर निश्चित गर्नु उपयुक्त हुन्छ ।

**के गर्नु राम्रो हुँदैन ?**

हाम्रो पुरानो विश्वासका आधारमा धेरै नम्बर पाएका विद्यार्थीहरु प्राकृतिक विज्ञान पढ्ने, मेडिकल, इन्जिनियरिङ आदि गर्नुपर्ने भन्ने मान्यता राख्नुहुँदैन । कुनै पनि पेसा आफैँमा ठूलो सानो छैन । कुन तहको काममा सम्बन्ध छ भन्ने कुराले सन्तुष्टिको तहलाई फरक पार्दछ । अनावश्यक रुपमा बालबालिकालाई दसैँका टीका लगाउँदादेखि यस्तो बनोस्, उस्तो गरोस् भनेर सुनाउन आफैँमा घुमाउरो पाराले अभिभावकको इच्छालाई विद्यार्थीको भविष्यमा मुखरित गरिएको हो ।

यो आफैँमा घातक छ । कुनै पनि विद्यार्थीलाई सानो उमेरमै विज्ञान पढ्ने होला तिमीले, उसले-उसले यो पढेर यसो गर्यो आदि कुरा गर्नुहुँदैन। किनकि त्यस्तो गर्दा विद्यार्थीको वास्तविक क्षमता भएको क्षेत्र पहिचान नै गर्न सक्दैन । मानिस स्वभावतः ठूलो देखिन खोज्ने प्राणी हो । बालकालिकालाई हामीले विज्ञान ठूलो हो भन्ने प्रभाव दिँदा धेरै बालबालिकाहरुले आफू अरुहरुभन्दा ठूलो देखिनका लागि नै विज्ञान पढ्ने निधो गर्दछन् ।

यो अन्ततोगत्वा गलत हुन्छ । त्यस्तै कतिपय अवस्थामा बच्चाहरुलाई तिमीलाई जुन राम्रो लाग्छ, त्यही पढ भन्छौं । यो पनि बच्चालाई आज राम्रो लागेको कुरा सधैँ राम्रो नलाग्न सक्छ । उसको कलिलो उमेरले त्यो सबै निर्णय गराउन पनि उपयुक्त हुँदैन । त्यसका लागि विज्ञहरूको परामर्श चाहिन्छ । बालबालिकाले विषय छनोट केका आधारमा गरेको हो, त्यसै अनुसार विज्ञले परामर्श दिनु उपयुक्त हुन्छ । धेरै जस्तो अवस्थामा बालबालिका साथीभाइ जता जान्छन् र जे पढ्छन्, त्यसै गर्छु भनी आफ्नो निर्णय साथीलाई गर्न दिन्छ । यो अत्यन्त प्रत्युत्पादक हुन्छ ।

त्यसैले कोही पनि बालबालिकाले विषय छनोट गर्दा भविष्यको पेसाको कमाई, सुरक्षा, नाम प्रतिष्ठा, पहिचान, बुबाआमाको इच्छा, देश प्रेम, समाजको आवश्यकता मध्ये कुन आधारमा गरेको छ भनी विज्ञसँग बसेर छलफल गर्नु उपयुक्त हुन्छ । केही विद्यार्थी तथा अभिभावकहरु अहिलेलाई विज्ञान पढ्दै गरौँ र पछि जता पनि जान पाइन्छ भन्ने खालको तर्क पनि गर्नुहुन्छ । कक्षा ११ मा पुग्दा फेरि नेपाली र अङ्ग्रेजीबाहेक अरु सबै विषयको विकल्प छ । आफू जाने पेसा र विषयलाई कम ध्यान दिएर अन्य विषयवस्तुलाई बढी समय दिइराख्नु पनि तर्कसङ्गत छैन ।

प्रायः कक्षा १० सम्म विद्यार्थीको लगाव छुट्याउन नसकेका अभिभावकहरु यो मतमा आउनुहुन्छ, त्यो त्यति हितकारी छैन । केही अभिभावक विज्ञान गाह्रो विषय हो र त्यो पढेर पछि अरु विषय पढ्न सजिलो हुन्छ । त्यसैले अहिले विज्ञान नै पढ्दै गरोस् भन्ने तर्क दिनुहुन्छ । यो तर्क झट्ट हेर्दा सही हो कि जस्तो लागे पनि यस तर्कले विद्यार्थीको भावनालाई प्रतिनिधित्व कदापि गर्दैन । यसमा अभिभावकको विचारको हाबी देखिन्छ ।

केही अभिभावक र विद्यार्थीहरु कुन विषय पढ्दा विदेश जान सजिलो हुन्छ भनी प्रश्न गर्ने गर्नुहन्छ । खास गरी विकसित देशहरुमा शिक्षा दिने तरिका ज्यादै फरक छ । उनीहरु अन्डर ग्राजुयट तहसम्म विद्यार्थीलाई सामान्य र धेरै विषय पढाउँछन्, दर्शनशास्त्रलाई धेरै महत्व दिन्छन् । विषय छनोटमा व्यापक लचकता दिन्छन् । त्यसैले हाम्रो पाठ्यक्रम उनीहरुको भन्दा नितान्त फरक हो । विदेश जानलाई कक्षा ११ को यो वा त्यो विषयले तात्विक फरक पार्दैन । कति अभिभावकहरु परामर्शमा आउँदा घुमाउरो हिसाबले आफ्नो बालबालिकाले डाक्टर, इन्जिनियर पढोस् भन्ने चाहनुहुन्छ ।

यसको कारण सोध्दा उहाँहरुको आफ्नो स्वार्थ देखिन्छ । कतै न कतै डाक्टरको इन्जिनियरको मामा, काका, आमाबुबा हुने स्वार्थ त्यसमा देखिनु सही हुँदैन किनकि कोही पनि विद्यार्थीले अभिभावकको स्वार्थलाई त्यति महत्व दिएको पाइँदैन । कतिपय अभिभावक सबैभन्दा राम्रो विषय के हो ? भनी सोध्नुहुन्छ, यसको उत्तर के हुन सक्छ ? विषयहरु गुणात्मक रुपमा प्रस्तुत गर्न मिल्दैन, सानो ठूलो विषय भन्ने हुँदै हुँदैन । कुनै विषयलाई कुन तहसम्म अध्ययन गरियो र कस्तो जनशक्ति तयार भयो भन्ने कुरा नै प्रमुख हुन्छ ।

**के गर्नुपर्छ ?**

वि.सं.२०८० को एसइईको नतिजा केही दिनभित्रै आउँदैछ । हामीसँग जति बाँकी दिन छन्, ती दिनमा विद्यार्थीलाई विभिन्न पेसाका बारेमा खोज अध्ययन गर्न लगाऊँ । विद्यार्थी कहिलेकाहीँ आफू सेतो कोट लगाएर मेडिकल डाक्टरको काम गरेको, कहिले नीलो कोट लगाएर प्रशासक बनेको, कहिले कालो कोट लगाएर न्याय तथा कानुन सेवामा काम गरेको, कहिले बैङ्कर भएको, कहिले प्रोफेसर भएको, कहिले फौजी सेवा, कहिले व्यापार-व्यवसाय आदिमा काम गरेको कल्पना गर्न लगाऊँ । सम्बन्धित त्यस्ता ठाउँहरुमा पुर्याएर कामको प्रकृति देखाऊँ, कामको अनुभूति पनि गराऊँ ।

तिमी १० वर्षपछि कुन काम गरिरहेको सपना देख्छौ भनी उसको बानी व्यवहार र रुचि निश्चित रुपमा पहिचान गर्न सक्यौँ भने उसले पहिले पेसा छनोट गर्न सक्छ । एउटा विद्यार्थीले पहिले आफ्नो पेसा छनोट गरोस् । अनि उक्त पेसालाई चाहिने विषय छनोट गरोस् । त्यसपछि उक्त विषय पढाउने संस्था छनोट गरोस् । संस्था छनोट गर्दा पनि केही सावधानी अवश्य अपनाओस् । सामान्यतयाः विद्यार्थीलाई अभिभावकहरुले कलेज हेरेर आऊ भनी पठाउनुहुन्छ, जब ऊ कलेज छनोट गर्न आउँछ, उसँग खासै केही प्रश्न हुँदैनन् ।

प्रायः विद्यार्थीले सोध्ने गर्छन्, "यो कलेज कस्तो छ ?" खास गरी कुनै पनि संस्थामा गएर यो संस्था कस्तो छ भनी सोध्दा के उत्तर आउँछ ? त्यसैले कलेज छनोट गर्न अभिभावकहरुले पनि विद्यार्थीसँगै जानुपर्छ र संस्थाको स्थायित्व, विगतको परीक्षाको परिणाम, पढिरहेका वा पढाइसकेका विद्यार्थीहरुको उदाहरण र सफलता, खर्च, पढाइको वातावरण, शिक्षक शिक्षिका र कर्मचारीको स्थायित्व र क्षमता, पूर्वाधार, लगानीकर्ता आदि पक्षको राम्रो तुलनात्मक अध्यापन गरेर मात्र निष्कर्ष निकाल्नु उपयुक्त हुन्छ ।

कुनै संस्थाले अस्वाभाविक रुपमा अधिक खर्च लिँदैमा वा न्यून खर्चमा पढाइदिन्छ भन्दैमा वा खर्चको हिसाबमा मात्र शैक्षिक संस्थालाई राम्रो वा नराम्रो भन्नु गलत हुन्छ । कहिलेकाहीँ अस्वाभाविक ज्यादा मूल्यले पनि उपभोक्तालाई आकर्षण गरेको देखिन्छ । खास गरी यस समयमा कलिला विद्यार्थीहरुलाई राम्रो परामर्शदाता, विषयविज्ञ, अनुभवी र दक्ष मानव संसाधनविद्को परामर्शमा डो र्याउनु अति आवश्यक हुन्छ ।

**निष्कर्ष**

एउटा विद्यार्थीले कक्षा ११ मा अध्ययनका लागि विषय छनोट र स्कुल छनोट गर्ने कुरा उसको जीवनमा एकपटक मात्र आउने र उसको जीवनपर्यन्त महत्व राख्ने विषय भएकाले हामी अभिभावक र आफन्तहरूले उसको यो महत्वपूर्ण घडीमा अत्यन्तै सजग र जिम्मेवार हुनुपर्छ । यस कार्यमा अभिभावकले आफ्ना नानीबाबुलाई समय र साथ दिएर विषय छनोट गराउनु उपयुक्त हुन्छ । यस कार्यमा बौद्धिक र व्यावसायिक परामर्शदातासँग सल्लाह र सुझाव लिँदै विद्यार्थीको रुचिको विषय, उसको स्वभाव र बानी व्यवहारलाई उपयुक्त हुनेमा ध्यान दिनुपर्छ ।

यस क्रममा पहिलो कुरा विद्यार्थीले भविष्यमा अपनाउन चाहेको पेसाको छनोट, दोस्रो कुरा उक्त पेसालाई चाहिने विषय छनोट र तेस्रो कुरा छानिएको विषयलाई राम्रो वातावरणमा उपयुक्त सेवा पुर्याउन सक्ने संस्थाको छनोट गर्नु उपयुक्त हुन्छ । यसरी विषय र संस्थाको छनोट गरे विद्यार्थीको अध्ययन सही मार्गमा प्रवेश गरेसँगै उसको भविष्यको पेसागत गन्तव्य सहज बन्छ र अभिभावकको लगानीको सदुपयोग हुन गई उनीहरुको मनोकांक्षा पनि पूर्ण हुन्छ ।

# न्यायिक उत्तरदायित्वको मूल्य



• राममाया लामिछाने

न्यायिक उत्तरदायित्वलाई राज्यका प्रमुख दुई अङ्ग कार्यपालिका र व्यवस्थापिकाभन्दा उच्च स्थानमा राखिएको हुन्छ । राज्यका तीन अङ्गमध्ये न्यायपालिकाको उत्तरदायित्वलाई बढी महत्व दिइन्छ । रोमन विधिशास्त्रका अनुसार 'न्यायाधीशको असक्षमता वा अनभिज्ञता निर्दोषीको दुर्भाग्य र दोषीको सौभाग्य हुनु हुँदैन ।' न्यायिक उत्तरदायित्वले न्यायिक कार्यको पारदर्शितालाई स्पष्ट पार्छ । न्यायिक उत्तरदायित्वभित्र न्याय प्रशासन, न्याय सम्पादन तथा समग्र अदालतको व्यवस्थापन समेटिएको हुन्छ । अदालतको स्वतन्त्रता र न्यायिक आचारसंहिताको माध्यमद्वारा अदालतको न्यायिक उत्तरदायित्व स्थापित हुन्छ ।

ब्याक ल डिक्सनरीका अनुसार उत्तरदायित्वको अर्थ 'आफूले गरेको आफ्नो कार्य र निर्णयमा आफैं उत्तरदायी हुनु' हो । तिमीले गरेको कामप्रति गरिने सोधपुछमा तिमीले सही जवाफ दिन सक्नु पर्छ भन्ने मान्यता नै उत्तरदायित्व हो । न्यायिक उत्तरदायित्वमा विवादका विषयमा गरिएको कुनै पनि अदालती प्रक्रिया वा निर्णय दिनेले नै त्यसको जवाफ दिई नागरिकप्रति उत्तरदायी भएर आफ्नो जिम्मेवारी इमानदारीपूर्वक पालना गर्नु नै वास्तविक लोकतन्त्र हो । लोकतन्त्रमा उत्तरदायित्वलाई कर्तव्यको अभिन्न अङ्ग मानिन्छ । न्यायिक उत्तरदायित्व न्यायिक कार्यको स्तर, निष्ठा र प्रभावकारिताप्रतिको आस्था हो । न्यायिक उत्तरदायित्वबिनाको राज्यपद्धति निरंकुश/तानासाही हुन पुग्छ । न्यायिक स्वतन्त्रता एवं न्यायिक उत्तरदायित्वले सधैँ व्यक्तिलाई आफ्नो जिम्मेवारी पूरा गर्न दबाब मात्र दिँदै प्रभाव, हस्तक्षेप, आग्रह पूर्वाग्रहबाट भिन्न हुन मद्दत गर्छ । संस्थागत उत्तरदायित्वले पदमा रहेको व्यक्तिले पूरा गर्नुपर्ने कामको गुणस्तर अभिवृद्धि गराउन निजको नियुक्ति, सरुवा, बढुवा, कारबाही जस्ता संस्थागत विकासमा मद्दत गर्छ । त्यसो हुन नसके अदालतले गर्ने न्यायिक पद्धतिमा न्याय प्राप्तिको आशा र विश्वास रहँदैन ।

सबै अङ्ग र निकायबाट आफ्नो अधिकार जिम्मेवारीका साथ प्रयोग गरिन्छ भन्ने विश्वास न्यायिक उत्तरदायित्वको मूल मन्त्र हो । न्यायिक कार्यको तौरतरिकाले अदालत र न्याय प्रणालीप्रतिको प्रतिष्ठा र विश्वसनीयतालाई निर्धारण गर्ने गर्छ । संविधान र लोकतान्त्रिक पद्धतिमा न्यायपालिकाको मूल्य र मान्यता, निष्पक्षता र स्वतन्त्रता अडेको हुन्छ । यसको जगेर्ना गर्न नसके लोकतन्त्र र संवैधानिक व्यवस्था धरापमा पर्छ । लोकतन्त्रमा न्यायिक उत्तरदायित्वलाई खराब आचरण नियन्त्रण गर्ने, त्यस्तो खराब कार्यउपर कारबाही गर्ने अन्तिम संयन्त्र मानिन्छ । त्यसैले त न्यायाधीशको उत्तरदायित्व र न्यायाधीशको आचारसंहितालाई छुट्याएर हेर्न सकिँदैन । न्यायाधीशले नै बनाएको आचारसंहितामा स्वतन्त्रता, निष्पक्षता, निष्ठा, सदाचार, समानता, सक्षमता र लगनशीलता जस्ता मूलभूत न्यायिक आदर्शयुक्त मान्यता समेटिएको छ । यी मूलभूत न्यायिक आदर्शका पक्षधर न्यायाधीशको आचारसंहिताले नै न्यायिक उत्तरदायित्वलाई सुनिश्चित गर्छ ।

एस बैङ्कटरमण र डिए देसाईको तर्क छ, "समाजका सबै अङ्ग/निकाय आफ्नो कार्यप्रति उत्तरदायी हुन्छन् भने न्यायाधीश पनि नहुनुपर्ने कुनै कारण नै छैन ।"

"हामीले अरूले के के गर्नु पर्छ भनेर भन्छौं तर हामीलाई कसले भनिदिने ? हामीलाई कानुनको शासन पालना गराउने जिम्मेवारी दिइएको छ तर हामीले त्यसको पालना गर्नबाट छुट पाउनु पर्छ भन्न सक्दैनौं," न्यायाधीश वर्माको यो भनाइले पनि न्यायाधीश स्वच्छन्द छैनन् भन्ने सन्देश प्रवाह गरेको पाइन्छ ।

मानव राज्यका लागि नभई राज्य मानव र मानव अधिकारको रक्षा गर्नका लागि हो भन्ने विश्वव्यापी घोषणापत्र सन् १९४८ को मान्यतालाई स्थापित गर्ने दायित्वसमेत न्यायालयलाई दिएको हुन्छ । राज्यद्वारा नागरिकको राजनीतिक अधिकार संरक्षण र प्रवर्धन गर्ने नागरिक तथा राजनीतिक अनुबन्ध आएको छ । जसभित्र राजनीतिक अधिकारको प्रयोग र उपभोग गर्नेका लागि पनि राजनीतिक नियम रहेका छन् । त्यसै गरी नागरिकको आर्थिक तथा सामाजिक अधिकार संरक्षणका लागि राज्यको महत्वपूर्ण दायित्व छ । न्यायाधीशको नैतिक आचरणको संहिताले न्यायाधीशले आफ्नो मुद्दामा आफैं न्यायाधीश हुन नहुने, निर्णय निष्पक्ष र इमानदारीका साथ हुनुपर्ने, न्यायिक कार्य डरत्रासरहित हुनुपर्ने, मुद्दामा पक्षलाई समान व्यवहार हुनुपर्ने, कानुन र समानता न्यायका मूल कडी मानिनु पर्छ । नातेदार, वकिल, नातेदार, मुद्दाका पक्ष, सम्बन्ध बढाउन खोज्ने वर्ग, प्राइभेट मिटिङ, उच्च पदाधिकारीसँग दुरी कायम गर्नुपर्ने जस्ता विषय समेटिएको छ ।

अमेरिका र बेलायत जस्ता कानुनी प्रणालीको विकासमा अगाडि रहेका देशमा न्यायाधीशले सामाजिक संघ संस्थाको आमन्त्रणलाई इन्कार गर्नुपर्नेमा जोड दिएका छन् । त्यहाँ व्यवसायी, सञ्चार माध्यम, व्यापारिक सङ्गठन, राजनीतिक दल, क्लब, सङ्गठन, सचिवालय, साम्प्रदायिक संस्थासँगको दुरी कायम गर्नुपर्ने गरी न्यायिक उत्तरदायित्व कायम गर्ने प्रयास भएको पाइन्छ । अस्ट्रेलियाले सन् १९८७ र २००२ मा न्यायिक आचरणको निर्देशिका जारी गर्यो । भारतमा १९९७ बाट १६ बुँदे आचारसंहिता जारी भएको छ । त्यसै गरी अन्तर्राष्ट्रियस्तरमा सन् २००० अप्रिलमा भियनामा बसेको न्यायिक समूहको पहिलो बैठकले त्यस सम्बन्धमा मसौदा बनाउने टुङ्गो लगाउँदै सन् २००१ फ्रेब्रुअरीबाट आचारसंहिताको मसौदा तयार पारी सन् २००२ बाट लागु गरिएको छ । सन् २००६ मा संयुक्त राष्ट्रसंघका सामाजिक तथा आर्थिक परिषद्ले यी सिद्धान्तलाई पारित गर्दै राष्ट्रसंघका सदस्य राष्ट्रलाई यसै अनुसार न्यायिक उत्तरदायित्व वहन गराउन आमन्त्रणसहित बहस गरेको थियो ।

नेपालको सन्दर्भमा विसं २०५५ मा न्यायाधीशका लागि पहिलो पटक १९ बुँदे आचारसंहिता जारी भयो । विसं २०६५ सालमा दोस्रो आचारसंहिता आयो । न्याय परिषद् ऐन,२०४८ को दफा ४ (क) को उपदफा ४ को (क) देखि (झ) सम्म न्याय सम्पादनमा न्यायाधीशले आफ्ना आचारसंहिताविपरीत कार्य गरेमा न्यायाधीशउपर कारबाही गर्ने गरी न्यायपरिषद् ऐनको नियमावली २०५६ को नि.२४ ऐ. नि. ९ र पुनरावेदन अदालत नियमावली २०४८ ले पालनाको प्रतिवेदनसमेत पेस गर्यो । आफैँले आफ्ना लागि निर्माण गरेको आचारसहिता उल्लंघन गर्नु भनेको विधायिकी कानुनको उल्लंघन गर्नु दायित्व एवं नैतिकताको विषय होइन ।

मानौं, म जिल्ला, उच्च र सर्वोच्चलगायत अन्य विषयगत न्यायालयको न्यायधीश । मैले गरेका फैसलामा निम्न कुराको शतप्रतिशत पालना गर्ने मेरो सवैधानिक र आफैँले आफ्ना लागि पालना गर्ने गरी म आफैँले आफैँका लागि बनाएको न्यायाधीश आचारसंहिताको परिपालक हुँ । त्यसको शतप्रतिशत पालना गर्नु मेरो न्यायिक दायित्व हो । न्यायिक उत्तरदायित्वको मूलभूत कर्म पनि यही नै हो । मैले न्यायिक उत्तरदायित्व पूरा गरेकैले न्यायालयको गरिमा र सम्मान उच्च छ । जनआस्थाको केन्द्रविन्दु न्यायालय हुनुको हिसाबले मेरो पनि हिस्सेदारी रहेको महसुसीकरणले न्यायालयप्रतिको जनआस्था र प्रतिष्ठालाई मैले मेरो आफ्नै प्रतिष्ठा ठानेको छु । मैले न्यायाधीशको भूमिका निर्वाह गर्दा म आफूले गर्दै आएको फैसलामा निम्न आधारलाई आत्मसात गर्दै आएको छु, गर्ने छु ।

१. जातजाति, वर्ण, लिङ्ग, वैवाहिक स्थिति, राष्ट्रियता, अपाङ्गता, सामाजिक र आर्थिक अवस्थाको सम्भावित असमानताबाट अलग रहने छु ।

२. मुद्दाका पक्षलाई समानताको सिद्धान्तका आधारमा हेर्दै असमानताको सिद्धान्तलाई अलग गर्ने गरी पूर्वाग्रही हुनबाट आफूले आफैँलाई रोक्ने प्रयास गरेको छु ।

३. मुद्दाका पक्षबिचमा समानताको सिद्धान्तबाहेक अन्य विभेदको सिद्धान्त अपनाएको छैन । व्यक्ति वा समूहप्रति अप्रासङ्गिक आधारमा असमान वा पूर्वाग्रहपूर्ण व्यवहार गर्ने गरेको छैन ।

४. विवादमा रहेका पक्ष र विवादका

❖ बाँकी तेस्रो पृष्ठमा

# लागूऔषध नियन्त्रणमा अभिभावकको दायित्व



• इन्द्रप्रसाद ओली

सामान्यतया विभिन्न नशालु पदार्थ, (जस्तै रक्सी, वाइन, बियर, जाँड, तोङ्बा, निगार, गाँजा, चरेस, भाङ, धतुरो, अखिम, ब्राउनसुगर, ह्वाइटसुगर, मर्फिन, औषधी पसलमा पाइने निन्द्रा लगाउने, दुखाई कम गर्ने एन्टी एलर्जी, खोकी र डिप्रेशनका औषधीहरु, डेनड्राइट गमजस्ता पदार्थहरु आदि), जुन पदार्थले मानिसको दिमागलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा हानि पुर्याउँछ वा लाग्छ लठ्ठाउँछ, झुम्म बनाउछ, व्यवहार परिवर्तन गर्दछ ?जसको सेवन एवम् प्रयोगले व्यक्तिको मानसिक स्थिति तथा शारीरिक स्थितिमा परिवर्तन हुन्छ त्यस्ता वस्तुहरूलाई लागूऔषध भनिन्छ ।

लागूऔषध नियन्त्रण ऐन, २०३३ अनुसार लागूऔषध भन्नाले गाँजा, औषधोपयोगी गाँजा, अफिम, तैयारीको अफिम, औषधोपयोगी अफिम, कोकाको झार र पात, अफिम तथा कोकाको सारतत्व, मिश्रण वा लवणसमेत मिसाई तयार गरिने पदार्थलाई सम्झनु पर्दछ ।

नेपालको कानुन अनुसार लागूपदार्थको अवैध ओसारपसार, संचय तथा प्रयोग गर्न पूर्णरुपमा प्रतिबन्ध गरिएको छ ।

वर्तमान अवस्थामा गाउँ, घर टोल शहर कतै पनि लागूऔषधको सेवन तथा बिक्रीवितरण नभएको स्थान पाउन सकिन्न । यो समस्या दिन प्रतिदिन बढिरहेको छ । बिशेष गरी १३/१४ वर्षदेखिका किशोर किशोरी, विद्यालय तथा कलेजका विद्यार्थीहरु यसबाट बढी प्रभावित भएको विभिन्न तथ्याङ्कले समेत देखाएको छ । देशका वर्तमानका साझेदारी, सृजनाका सम्बाहक र भविष्यका कर्णधार मानिएका बालबालिका, विद्यार्थी तथा किशोरकिशोरीहरु लागूऔषध दुर्व्यसनमा फस्नु अति नै दुःखदायी पीडा हो ।राज्यलाई समेत ठूलो हानि नोक्सानी पुऱ्याएको छ । लागूऔषध प्रयोगमा रकम जुटाउनको लागि ती युवा युवती (लागूऔषध प्रयोगकर्ता) लुटपाट चोरी डकैती, हत्या हिंसामा समेत संलग्न रहेको पाइन्छ । पैसा जुटाउनका लागि जुनसुकै जोखिम मोल्न तयार हुन्छन् । हो, लागूऔषध प्रयोगकर्ताहरु कुनै अपराधी होइनन् बिरामी हुन् तर, लागूऔषध प्राप्त गर्न पैसाको जोहो गर्न गरिएको क्रियाकलाप नै अपराधसँग जोडिन पुग्छ ।

लागूऔषध प्रयोगकर्ताहरु स्वयम्को स्वास्थ्य कमजोर हुँदै जाने भएकाले यसबाट व्यक्ति, परिवार, समाज र राष्ट्रलाई नै ठुलो क्षति भइरहेको छ तर पनि, सबैले यो स्थितिलाई स्विकार गरिरहेको वा संवेदनशील रुपमा हेरिएको पाइदैन । जसलाई पऱ्यो उसको मात्र समस्या बनेको छ । तर, यो त भित्रभित्रै भुसको आगो सल्केझै हरेक घर परिवारका नानीबाबुमा पुगिरहेको छ । यो साइलेन्ट एटम बमसरह हो ।

कुनै पनि व्यक्तिलाई लागूऔषध दुर्व्यसनमा फस्न नदिन वा त्यसबाट टाढा रहन, बच्न, बचाउन सबैभन्दा महत्वपूर्ण र पहिलो भूमिका अभिभावकहरुको हुन्छ । आफ्ना सन्तानहरुलाई सँधै असल संस्कारसहितको व्यवहारिक ज्ञान र व्यवहार सिकाउने पहिलो पाठशाला त घरपरिवार तथा अभिभावकहरुको पहिलो दायित्व नै हो ।

साना उमेरका बालबच्चाहरुले अभिभावकको बोली व्यवहार, रहनसहन तथा खानपान आदिको नक्कल समेत गर्ने हुँदा उनीहरुका अगाडि कुनै पनि नकारात्मक असर वा सिकाई पर्ने खालका व्यवहार गर्नु ,गराउनु वा देखाउनु हुँदैन भन्ने ज्ञान त पहिला अभिभावकमा हुनुपर्छ ।

खासगरी (१३-१९) का किशोर किशोरीहरूले किन लागूपदार्थ वा मदिरा प्रयोग गर्छन् ? भन्ने एउटा मात्र कारण त छैन । विभिन्न कारण हुन सक्छ । अभिभावकको सिकाई, साथीभाइ, दौतरी, जिज्ञाशु स्वभाव यस्ता धेरै कारण हुन सक्छन् वा दुर्व्यसनले कति क्षति नोक्सानी गर्दछ भन्ने पूर्णरुपमा ज्ञानको अभाव आदि समेत हो । तर अभिभावकहरुले आफ्ना सन्तानहरुको इच्छा, चाहना, मानसिकता नबुझेर तथा हेलचेक्र्याई गर्दा किशोर किशोरीहरु दुर्व्यसनमा फस्ने गरेको धेरै मात्रामा पाईन्छ । त्यस्ता उदाहरण समाजमा प्रशस्त देख्न, हेर्न, सुन्न पाइन्छ ।

गरिबीका कारण बालबालिकालाई स्कुल भर्ना गर्न नसक्नु र भर्ना गरिसकेपछि पनि उच्च शिक्षा दिन नसक्नु, तथा रोजगारीको सिलसिलामा घर बाहिर रहने गरेका अभिभावकहरुले आफ्ना सन्तानहरुलाई पर्याप्त समय दिन नसक्नु, सोधेका प्रश्न वा जिज्ञासाहरुको जवाफ दिन झर्को मान्नुका साथै रेखदेखमा कमि रहनु पनि एउटा उदाहरण हो ।

कतिपय अभिभावकहरुले मादक पदार्थ सेवन तथा धुम्रपान गरी घरभित्र प्रवेश गर्ने तथा कतिपय अभिभावकहरुले बच्चाहरुको अगाडि बसी घरमै मादक पदार्थ सेवन गर्ने र कतिपयले त बच्चाहरुलाई नै मद्यपान तथा धुम्रपानहरु खरिद तथा बिक्रीवितरण गर्न लगाउने पनि गरिरहेका हुन्छन् र यस्ता कुराहरुलाई सामान्यझै ठान्नु त अति नै मुर्खता हो । यस प्रकारका अभिभावकका गतिविधि क्रियाकलापहरुले बालबालिकाहरुमा बच्चैदेखि नकारात्मक सोचको विकास भइरहेको हुन्छ र त्यसैको असरले दुर्व्यसनमा फस्न सहयोग पुगेको पनि हुन सक्छ ।

धेरैजसो त साथीभाइको लहैलहैमा वा उक्साहटमा लागेर बिभिन्न बर्थडे पार्टीमा भेला, जम्मा तथा जमघट भई सजिलो पहुँचमा रहेका रक्सी र चुरोटजस्ता चिजवस्तुहरुको प्रयोग गर्नु र अभिभावकहरुले आफ्ना सन्तानहरु घरबाट जाने आउने समय र व्यवहारको वास्ता नगर्नु ।

तर यी यस्ता कतिपय कुराहरु रहर वा बाध्यताबश परिवारबाटै प्रत्यक्ष वा अप्रत्यक्ष रुपमा बच्चाहरुले सिकिरहेका कुरालाई अभिभावकले नजरअन्दाज गरिरहेका हुन्छन् । आफ्ना सन्तानहरुलाई लागूऔषध जस्तो दुर्व्यसनबाट बचाउनु वा जोगाउनु छ भने यस प्रकारका आफ्ना गल्तीहरु समयमै स्विकार र महसुस गरी व्यवहारमा अभिभावकले परिवर्तन गर्न एकदमै जरुरी छ । आफ्ना सन्तानहरुमा अभिभावकहरुको सबैभन्दा शक्तिशाली प्रभाव हुन्छ । जीवनका लागि उपयोगी शिक्षा, असल संस्कार, आचरण र व्यवहार सिकाउनु अभिभावकको प्रमुख कर्तव्य हो ।

आफ्ना नानीबाबहरुप्रति मनोमानी गर्नु वा गर्न दिनुभन्दा मित्रवत व्यवहार गरी तिनीहरुको इच्छा, चाहनाहरुलाई ध्यानमा राखेर उचित कदम चाल्नु एकदमै आवश्यक हुन्छ । परम्परागत मूल्य, मान्यता र धर्म संस्कृतिको महत्व बुझाउन पनि उत्तिकै जरुरी छ । बिभिन्न स्वास्थ्य, मनोरन्जनात्मक तथा खेलकुदका कार्यक्रमहरुमा सहभागी गराई त्यसप्रति प्रेरित गरि एक्लोपनको महसुस हुन गर्नबाट जोगाउनु अनिवार्य पर्छ ।

लागूऔषध नशाजन्य पदार्थको प्रयोगले हुने नकारात्मक असरको बारेमा जानकारी दिने,बिभिन्न सामाजिक सन्जाल, रेडियो, टेलिभिजनमा आफ्ना सन्तानहरुले के सुन्छन्, देख्छन् र के हेर्छन् भन्ने कुराको जानकारी लिने, व्यक्तित्व विकासमा सहयोग पुग्ने खालका राम्रा र सकारात्मक प्रभाव पार्ने कार्यक्रम सुन्न र हेर्न प्रेरित गर्नुहोस् । आफ्ना सन्तानहरुले गरेका साना गल्तीमा नरिसाई वा कुनै पनि झर्को नमानी समाधानका उपायहरुको बारेमा सिकाई असल साथी बनाउन सहयोग गर्नुहोस् । सकभर आफ्नो साथमै राख्नुहोस् ।

यावत कुराहरुमा अभिभावकले ध्यान पुऱ्याउने हो भने दुर्व्यसनलाई न्यूनीकरण गर्न सकिन्छ । अभिभावकहरुले आफ्नो सन्तानप्रतिको उत्तरदायित्व लिन सक्नु पर्छ , अरुलाई दोष देखाएर पन्छिने गर्नु राम्रो होइन । सन्तानले अभिभावकको व्यवहार हेरी ,उतारी लागूऔषधको प्रयोग गर्दैनन् त्यसकारण युवा युवती, किशोर किशोरीको अगाडि अभिभावक स्वयम्ले नशाजन्य पदार्थ नलिने प्रण गरौं । आफ्ना सन्तान लागूऔषध दुर्व्यसनमा पर्ने सम्भावित क्षेत्रको पहिचान गरौं । सानो प्रयासले सदैव घर उज्यालो हुने छ।

**यदि दुर्व्यसनी भइहालेमा के गर्ने ?**

**दुर्व्यसन छुटाउन जान्नै पर्ने २५ काइदा-ः**

(१) लागूऔषध भनेको के हो ? यसले कसरी ब्यक्तिलाई दुर्व्यसनी बनाउँछ भन्ने कुरा हरेक अभिभावकले आफ्ना छोराछोरीलाई कक्षा ५ पढ्नुअघि नै बुझाउनु होस् । कक्षा ५ देखि पाठ्यपुस्तकमा समाबेस होस् भनी दवाब दिने गरौ ।

(२) लागूऔषधमा छोराछोरी आकर्षित हुन सक्ने वातावरण (घरमा बार बनाउने, पार्टी आदि गरेर बच्चाका अगाडि रक्सी आदि सेवन, विद्यालयको शैक्षिक भ्रमणमा मादक पदार्थ सेवन गर्ने आदि) गर्ने वातावरण नबनाउनुहोस् / नगर्नुहोस् ।

(३) लागूऔषधमा ब्यक्ति परेपछि उसलाई कसरी पहिचान गर्ने भन्ने ज्ञान सबै अभिभावकले राख्नुहोस् ।

(४) यदि लागूऔषध लिएको थाहा भएमा तत्कालै त्यस कुरालाई गम्भिरतापूर्वक लिई अब के गर्नु उचित हुन्छ भनी परामर्शदाता वा विशेषज्ञकहाँ गइहाल्नुहोस् ।लागूऔषध लिएको कुरा लुकाउने काम नगर्नुहोस् ।

(५) आफैले लागूऔषधको समस्या समाधान गर्छु भनी आफ्नो प्रकारको प्रयास गर्नीतिर नलाग्नुहोस् ।

(६) लागूऔषध प्रयोगकर्तालाई परामर्श सेवाकेन्द्र वा उपचार केन्द्रमा लैजान विल्कुलै ढिला नगर्नुहोस् ।

(७) परामर्श, उपचार केन्द्रमा लैजाँदा पढाइ छुट्यो वा जागिर छुट्यो भनेर बिल्कुलै चिन्ता नगर्नुहोस् ।

(८) उपचार तथा पुनर्स्थापना केन्द्रको कोर्स पूरा नभएसम्म वा केन्द्रका पदाधिकारीहरुले अब लैजानु नभनेसम्म कुनै हालतमा डिस्चार्ज नगर्नुहोस् ।

(९) उपचारमा बसेका ब्यक्तिले म अब ठिक भए भनी विभिन्न प्रकारको दवाब वा अनुरोध गरे पनि त्यसलाई स्विकार नगर्नुहोस् ।यस्ता दवाबहरु दिएको भए तत्कालै केन्द्रका पदाधिकारीहरुलाई यसको जानकारी गराइहाल्नुहोस् ।

(१०) जबसम्म उपचारपश्चात् अब के गर्ने ? भन्ने कुरा निश्चित हुँदैन, तबसम्म डिस्चार्ज नगर्नुहोस् ।

(११) लागूऔषध दुर्व्यसनको कुलतबाट निस्केको २ बर्ष नभइ विवाह गरिदिने ,कम्तिमा १८ महिना पूरा नभई विदेश पठाउने वा व्यवसाय गराउने काम कुनै हालतमा नगर्नु होला ।

(१२) नगद कारोवार गर्ने कामको जिम्मेवारी २ वर्षसम्म सकभर नदिनुहोस् ।

(१३) रक्सी तथा अन्य लागूपदार्थसंग भेट हुने स्थान, ब्यक्ति र वातावरणसंग सम्पर्क हुने अवसरबाट टाढै राख्ने प्रयास गर्नुहोस् ।

(१४) दुर्व्यसनबाट उपचार गरी बाहिर आएपश्चात् निजलाई पुराना कुरा निकालेर पीडा दिने वा आत्मग्लानी गराउने काम नगर्नुहोस् ।

(१५) दुर्व्यसनबाट निस्किएको व्यक्तिले नयाँ जीवन प्राप्त गरेकोलाई नै ठूलो उपलब्धी भएको ठानी सन्तोष लिन सिक्नुहोस् ।

(१६) दुर्व्यसनबाट निस्किएको ब्यक्तिलाई साधारण दुर्व्यसनमा नपरेको ब्यक्तिसंग दाँजेर कुरा गरिरहने काम नगर्नुहोस् साथै त्यस्ता ब्यक्तिबाट एकदमै ठूलो आशा पनि नगर्नु होस् ।दुर्व्यसनमुक्त भई आफ्नै पैतृक सम्पत्तिबाट रक्षा गर्दै नैतिकतापूर्वक परिवार चलाएकोलाई नै ठूलो उपलब्धी ठान्नुहोस् ।

(१७) उपचार केन्द्रबाट एकैपल्ट सम्पर्क नटुटाइ बिस्तारै बिस्तारै सम्पर्क घटाउदै जानुहोस् ।

(१८) कुनै पद वा अवसर दिदैंमा ऊ दुर्व्यसनमुक्त हुन सक्छ भन्ने बिश्वास विल्कुलै नराख्नुहोस् ।

(१९) उपचार केन्द्रसँग नियमित सम्पर्कमा रहिरहनुहोस् ।यो समस्या पुनः बल्झिन सक्छ र मलाई परामर्शदाता एवम् उपचार केन्द्र पुनः आवश्यक पर्न सक्छ भन्ने बिश्वास राखी केन्द्रसंग राम्रो सम्बन्ध राखिराख्नुहोस् ।

(२०)दुर्व्यसनको उपचार चिकित्सकबाट वा औषधिबाट मात्र सम्भव हुन्छ भन्ने बिश्वास नराख्नुहोस् ।

(२१) दुर्व्यसनबाट निस्किएको ब्यक्तिलाई निष्कृय बस्न नदिनुहोस् ।

(२२) सवारीसाधन र मोवाइल सकभर नियन्त्रण गर्नुहोस् ।

(२३) सदैव माया, ममता, स्नेह गर्नुहोस् ती ब्यक्तिसंग खुलेर कुराकानी गर्नुहोस् ब्यवहारिकता प्रदर्शन गर्नुहोस् ।

(२४) हप्काइ दप्काइ गरि नियन्त्रण गर्छु भन्ने सोचाइ हटाइ हाल्नुहोस् ।

(२५) सम्झाउने बुझाउने म नै ठिक गर्दैछु कोहि आफन्त ल्याएर हप्काउँछु संझाउन लगाउँछु भन्ने मानसिकताबाट बाहिर आउनुहोस् ।

एवम् कसरी म मद्धत गर्न सक्छु भन्ने धारणाको विकास गर्नुहोस् । सम्मानजनक व्यवहार गर्नुहोस् ।

**निष्कर्षः**

लागूऔषध दुर्व्यसनलाई न्यूनीकरण गर्न घरपरिवार, समुदाय, समाज चनाखो र सहयोगी हुन आवश्यक छ । हरेक अभिभावकदेखि किशोरकिशोरीलाई समेत दुर्व्यसनले निम्त्याउने क्षति, परिणाम र दुर्व्यसनबाट बच्ने उपायबारे पूर्णरुपमा ज्ञान हुन जरुरी छ । लागूऔषध नियन्त्रण तथा न्यूनीकरणको लागि प्रवर्द्धनात्मक निरोधात्मक एवम् दण्डात्मक उपायद्वारा समाधान गर्न सरोकारवाला, सरकारी, गैरसरकारी, संघ संस्था, व्यक्ति, परिवार, समाज सबैको एकीकृत र इमान्दार प्रयास रहेमा नेपाललाई लागूऔषधरहित स्वस्थ, सबल र समुन्नत राष्ट्रको रुपमा रुपान्तरण गर्न सकिन्छ ।

## न्यायिक...

विषयवस्तुलाई समान रूपले विश्लेषण गर्ने गरेको छु । भेदभावपूर्ण, गलत व्यवहार गर्न नदिन, रोक्न प्रयास गरेको छु ।

५. कानुन व्यवसायीले गर्ने गलत व्यवहारलाई पनि रोक्नु प्रयास गरेको छु ।

६. समानताका आधारमा शालीन, शिष्ट र निष्पक्ष तवरले नेतत्वदायी र समायोजनको भूमिकामा सधैंअगाडि रहेको छु ।

७. अदालतबाट सञ्चालन हुने न्यायिक प्रशिक्षण तथा न्याय र कानुनका अनुसन्धानका कार्यलाई प्रश्रय दिने कार्यमा कमी हुन दिएको छैन ।

८. न्यायिक कार्यलाई आवश्यक पर्ने समयानुकूलको ज्ञान, सिप, नैतिक चरित्रसमेतको व्यक्तिगत आचरण कायम गर्न र त्यसको अभिवृत्तिमा जोड दिने गरेको छु ।

९. व्यक्तिगत आग्रह र पूर्वाग्रह एवं संकुचित दृष्टिकोणबारे आफैंलाई सोचनीय बनाइरहने प्रयास गरेको छु ।

११. सुनुवाइका क्रममा न्यायिक प्रक्रियाको व्यवस्थापन र मर्यादा कायम गर्न सधैं दत्तचित्त छु ।

१४. सुनुवाइ गर्न पाउनु अधिकार होइन, कर्तव्य हो, सो कर्तव्य निर्वाह गर्दा व्यक्तिगत स्वतन्त्रताका लागि स्वच्छन्दतालाई परित्याग गर्ने मेरो आत्मीय अभ्यास हो । यसरी गलत कार्यलाई निर्मम तवरले कारबाही गर्दै सार्वजनिक जवाफदेही र सार्वजनिक परीक्षणको स्वीकारोक्ति मेरो पेसाको जीवन्तता हो ।

न्यायिक उत्तरदायित्वले सधैं निष्पक्षता, पूर्वाग्रहविहीन, स्वतन्त्र, स्वच्छ र पारदर्शिताका साथै न्यायिक उत्तरदायित्व स्थापित गर्न बाध्य बनाउँछ । न्यायाधीश न्याय मात्रका लागि हो भन्ने कुरा न्यायाधीशको शिरोधार्य विषय हो । यसो हुन नसकेमा आमनागरिकबाट प्रश्न उठ्नु अस्वाभाविक होइन । त्यसैले न्यायालय र न्यायाधीशप्रति उठेका आवाजलाई न्यायालयले आफ्नो अपमानभन्दा बढी न्यायालय सुदृढ बनाउने औजारका रूपमा बुझ्नु पर्छ ।

बिर्ता (सेफ्टी तथा ढल सफाई)
बिर्तामोड, झापा




सम्पर्कः
9825952680
9816063266
9825952677
9804994595
सेफ्टी तथा ढल सफाइ गर्नु परेमा हामीलाई सम्झनुहोस् ।
पहाडी क्षेत्रमा पनि सेवा उपलब्ध छ ।

प्रतिदिन वर्गीकृत विज्ञापन

अब मेसिनबाट घरको झ्याल तथा ढोकाको बुट्टा



PAL creation
bhadrapur road, birtamode
023-590580, 9852671580

सुपर काइनेटिक एक्सप्रेस कुरियर
राष्ट्रिय तथा अन्तराष्ट्रिय चिठि पत्र , पार्सल पठाउनु परे हामिलाई सम्झनुहोस ।
विगत ३ दशकदेखी अनुभवी तथा विश्वासिलो एकमात्र कुरियर
सम्पर्कः
फोनः ०२३-५४०४७८
मोः ९८५२६७७३५५
बिर्तामोड (सिटि सेन्टर), झापा
अदुवा खोला छेउ

तपाईंकोमा प्रतिदिन आएन ?
नआएमा सम्पर्क गर्नुहोला ।
०२३-५४३८२०



मानव डेन्टल
MANAV DENTAL HOSPITAL Pvt.Ltd. Estd:2065 ANARMANI-3,BIRTAMODE
काँकरभिट्टारोड, बोलबम पेट्रोलपम्प पूर्व, बिर्तामोड
फोनः ०२३-५४२६१६, मोः ९८५२६४०४०५
स्वास्थ्य मुस्कान, स्वास्थ्य जीवन, यही हो मानव डेन्टलको पहिचान
दैनिक सेवाको लागि
❖डा. मेची अञ्चल अस्पतालबाट
❖डा. भैरहवाबाट
❖डा. काठमान्डौबाट



वर्गीकृत विज्ञापन संकलन केन्द्रहरू :

चन्द्रगढी, भद्रपुर
लोकबहादुर कुँवर : ९८४२६८३९९६
द्रोण अधिकारी : ९८४२६२८७९१

दमक
विष्णु सुब्बा : ९८५२६७०१३७
देविबहादुर बस्नेत : ९८१७९२४६२१

मेचीनगर
चारआली : ९८४२७०३०१३
गोबिन्द घिमिरे :
९८१५९५०१५०

उर्लाबारी
रुपेन्द्र शेर्मा : ९८४२०९२४०६
विराटनगर
क्रिएटिभ आईः ०२१-५२५६१०

इलाम, मंगलबारे
रणवीर लिम्बू
९८१६९८४७५७

काकँरभिट्टा
फ्रेन्डसिप पुस्तक पसल
०२३-५६२४२४

झापा बजार
बरत राजवंशी
९८१७०४९००१

## आजको राशिफल

**मेष** आज रोकिएका काम पुनः सुरु हुन सक्छन् । महिला वा मित्रबाट विशेष सहयोग

**वृष** आज जुक्तिको प्रयोग गर्न सके एकपछि अर्को अवसर आउने छ ।

**मिथुन** अधुरो या नयाँ कार्यको थालनी पनि हुनेछ । आर्थिक कारोबार भने कमजोर रहनसक्छ

**कर्कट** मालसामान हराउन सक्छ । सानातिना समस्यामा अल्झनुपर्नेछ ।

**सिंह** । रोकिएको धन हात पर्ला क्रोध, प्रतिशोध, रिसराग र उत्तेजना नियन्त्रण गर्नु राम्रो हुनेछ ।

**कन्या** आज अरुलाई प्रभावित पारेर काम बन्नेछ। न्यायिक कार्यमा सफलता मिल्नेछ ।

**तुला** सामान हराउने वा चोरी हुने सम्भावना छ । शुभचिन्तकहरूको सुझाव बेवास्ता गर्दा दुःख

**वृश्चिक** दैनिकी काममा चुनौतीको सामना गर्नुपर्ला । कतिपय राम्रा अवसरहरू प्राप्त हुनेछन् ।

**धनु** आज नयाँ र शुभ समाचार सुन्न पाइएला । मनमा हर्ष, उमङ्ग र उत्साह छाउनेछ ।

**मकर** आज सुन्दर पहिरनले व्यक्तित्वमा निखारता ल्याउनेछ । जोशजाँगर बढ्न सक्छ ।

**कुम्भ** कला र गलाको प्रभाव बढ्नेछ । वैदेशिक कार्य पनि अघि बढ्नेछ ।

**मिन** आज कला, साहित्य तथा सङ्गीतमा रुचि बढ्नेछ । पारिवारिक साथ सहयोग मिल्ने